'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १२९ शनिबार २० पुष, २०८१ 04 (Saturday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

सिक्टा सिँचाइ समयमै नबन्दा ८ गुणा बढी लागत

## साढे ७ अर्बको लागत झण्डै १९ वर्षमा ५३ अर्ब पुग्यो

नमस्ते समचारदाता

बाँके, पुष/१९



राष्ट्रिय गौरवको आयोजना अन्तर्गत रहेको बाँकेको सिक्टा सिँचाइ आयोजनाको १९ वर्ष सम्ममा ४१ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०६१/६२ मा स्थापना भई आव २०६२/६३ बाट भौतिक निर्माणको काम सुरू भएको थियो । आयोजना सुरू भएको १९ वर्षपछि आव २०८१/८२ सम्म आइपुग्दा आयोजनाको जम्मा ४१ दशमलव ७९ प्रतिशत भौतिक प्रगति भएको छ । सिक्टा सिँचाइ आयोजना निर्देशक राजु आचार्यका अनुसार २०७१ भदौ ८ गते रू २५ अर्ब दुई करोड र २०७९ भदौ २६ गते अन्तिम पटक आव २०८९/९० सम्म काम सम्पन्न हुनेगरी लागत संशोधन गरेर रू ५२ अर्ब ८९ करोड पुऱ्याइएको छ । आचार्यले भने, "आव २०६१/६२ मा रू ७ अर्ब ४५ करोड अनुमानित लागतबाट सुरू भएको आयोजनाको १९ वर्ष बितिसक्दा तीनपटक लागत अनुमान संशोधित हुँदै रू ५२ अर्ब ८९ करोडको बजेट पुगिसकेको छ।" विसं २०६४ मङ्सिर ३ गते पहिलोपटक लागत संशोधन गरेर रू १२ अर्ब ८० करोड पुऱ्याइएको थियो । आयोजना सुरू भएदेखि चालु आवको मंसीर महिनासम्ममा रू २१ अर्ब ५५ करोड खर्च हुँदा वित्तीय प्रगति ४० दशमलव ७६ प्रतिशत रहेको र भौतिक प्रगति ४१ दशमलव ७९ प्रतिशत मात्र पुगेको इञ्जिनियर अनिल पोखरेलले जानकारी गराएका छन् । पोखरेलका अनुसार चालु आवका लागि रू १ अर्ब ६० करोड बजेट विनियोजन भएकामा हालसम्म रू २३ करोड खर्च भएको छ । इञ्जिनियर पोखरेलका अनुसार सिक्टा सिँचाइ आयोजनाको अगैया स्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको आयोजनाले जिल्लाको ४२ हजार ७ सय ६६ हेक्टर जमिनमा पानी सिँचाइको लक्ष्य लिएको छ। पश्चिमी नहर र पूर्वी नहर गरी दुई मुख्य नहरबाट पानी वितरण गरी शाखा नहरबाट सिँचाइको व्यवस्था गरिएको छ। पश्चिमी मूल नहरबाट ३३ हजार ७ सय ६६ हेक्टर र पूर्वी नहरबाट ९ हजार हेक्टर जमिनमा पानी सिँचाइ गर्ने लक्ष्य लिइएको छ। '४२ हजार ७ सय ६६ हेक्टर सिँचाइ गर्ने लक्ष्य लिइएको आयोजनाबाट १९ वर्ष बित्दा हालसम्म २१ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको ।' इञ्जिनियर पोखरेलले भने, "पश्चिमी मूल नहरको ४५ दशमलव २५ किलोमिटर निर्माण काम सम्पन्न भइसकेको छ। पूर्वी मूल नहरको ५३ दशमलव ५० किलोमिटरमध्ये ३७ दशमलव ६८ किलोमिटर निर्माण सम्पन्न भएको छ ।" पश्चिमतर्फका शाखा-उपशाखा-प्रशाखाको ६० प्रतिशत निर्माण सम्पन्न भएको इञ्जिनियर पोखरेलले बताए । उपोखरेलका अनुसार नहर संरचनाका लागि अधिग्रहण गर्नुपर्ने ४ सय ४० हेक्टर मध्ये हालसम्म केवल १ सय ७५ हेक्टर जमिन अधिग्रहण गरिएको छ। चालु आवमा पश्चिम मूल नहरको मुख्य डुडुवा शाखाको लागत अनुमान सम्पन्न भई ठेक्का आह्वान भइसकेको छ।

बाँकी ३ पेजमा...

## चिसो बढेपछि बाँकेमा जनजीवन कष्टकर

नमस्ते समचारदाता

बाँके, पुष/१९



बाँकेमा पछिल्लो पाँच दिनदेखि चिसो बढेर चारैतिर हुस्सुले डम्म ढाकेपछि जिल्लामा जनजीवन प्रभावित भएको छ । बिहानैदेखि बाक्लो हुस्सु लाग्नुका साथै सितलहर सुरु भएसँगै चिसो अत्याधिक बढेको छ । शीतलहरसँगै बढेको चिसोले बाँकेका आठवटै पालिकाको जनजीवन कष्टकर बनेको छ। चिसोबाट बच्चा, वृद्ध र विपन्न परिवारहरू बढी प्रभावित भएका छन् । अत्याधिक चिसोको कारण मानिसहरूलाई घर बाहिर निस्कन समेत मुस्किल परेको छ । विद्यालय, क्याम्पसमा विद्यार्थीको उपस्थिति घटेको छ। न्यानो कपडा बिक्रीबाहेक अन्य व्यापार व्यवसायमा मन्दी आउन थालेको नेपालगञ्जका व्यापारी रेवती कोहलपुरका व्यवसायी रमणी शर्माले बताए । ग्रामीण भेगमा विशेष गरी चिसो छल्न घुर, आगो बालेर तापिरहेका छन् । चिसो बढ्दै जाँदा बालबालिका, वृद्धवृद्धा र शारीरिक अवस्था कमजोर रहेका व्यक्तिहरूले स्वास्थ्यमा ख्याल गर्न स्वास्थ्यकर्मीहरुले आग्रह गरेका छन् । अहिलेसम्म बाँकेको कुनै पनि स्थानीय तहले आगो बालेर ताप्नका लागि दाउराको व्यवस्था र न्यानो कपडाको प्रबन्ध गरेका छैनन्। चिसोका कारण बाँकेका सबै पालिकाको जनजीवन कष्टकर बनेको छ। चिसोले नेपालगञ्ज, कोहलपुर र खजुरा बजारहरूमा चहलपहल घटेको छ। अत्याधिक जाडोले सवारी साधनमा यात्रुहरूको चापसमेत घटेको यातायत व्यवसायी बताउँछन्।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## बायो ग्याँस सञ्चालनमा समस्या

नमस्ते समचारदाता

दाङ, पुष/१९



बायो ग्याँस सञ्चालनका लागि फोहोर नपाउँदा घोराही उपमहानगरपालिका-१६ करौती डाँडामा स्थापना भएको बायो ग्यास प्लान्ट सञ्चालनमा समस्यामा परेको छ। करिव २२ करोड बढी खर्च गरेर बायो ग्याँस प्लान्ट स्थापना भएपनि ग्याँस उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ फोहोर नपाउँदा सञ्चालनमा समस्या हो । ग्याँस प्लान्ट पूर्ण रुपमा सञ्चालनका लागि दैनिक २५ टन फोहोर आवश्यक पर्ने भएपनि अहिले चारदेखि पाँच सय केजी मात्र फोहोर उपलब्ध हुने गरेको नेपाल उर्जा विकास कम्पनीका प्लान्ट म्यानेजर हरिशरण श्रेष्ठ बताए । प्लान्ट सञ्चालनका लागि आवश्यक पर्ने फोहोर उपलव्ध नहुँदा निर्माण सम्पन्न भएर पनि सञ्चालन गर्न कठिनाई भएको म्यानेजर श्रेष्ठले जानकारी गराए । चारदेखि पाँच सयसम्म संकलन हुने ग्यासले परिक्षणका रुपमा सञ्चालन गर्न ठिक्क हुँदा उपभोक्तालाई वितरण गर्न नसकिएको बताउँछन्। फोहोरबाट ग्यास उत्पादन गरेर उपभोक्ताको घरसम्म पुऱ्याउने उद्देश्य अनुसार करौतीडाँडामा दुई हजार घनमिटरको ग्यास प्लान्ट स्थापना गरिएको छ। तर अहिले प्लान्टका लागि आवश्यक कच्चा पदार्थ संकलन हुन सकेको छैन। फोहोर पर्याप्त मात्रामा उपलब्ध भएमा पहिलो चरणमा ७ सय ५० घरमा ग्याँस पुऱ्याउने उद्देश्य भएपनि फोहोर नहुँदा परीक्षणका रुपमा ग्याँस उत्पादन गरिरहेको श्रेष्ठ बताउँछन् । ग्यास प्लान्ट तीन बर्षअघि २०७८ चैत १९ गते घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीले अघिल्लो कार्यकालमा उद्घाटन गरेका थिए। ग्यास प्लान्ट उद्घाटन भएपछि ग्यास पाउने आशामा रहेका स्थानीयले ग्यास अझैसम्म पाउन नसकेको गुनासो गर्ने गरेका छन्। ग्यास प्लान्ट स्थापना भएपछि सस्तोमा ग्यास पाउने बताएपनि अहिलेसम्म ग्यास पाउन नसकेको घोराही-१६ सर्रा निवासी गीता चौधरीले बताइन । घर नजिकै प्लान्ट स्थापना भए पनि अहिलेसम्म ग्यास पाउन नसकेको भन्दै उहाँले भन्नुभयो, दुखेको पोख्दै भनिन्, "बायो ग्यास प्लान्टका कर्मचारीलाई सोध्दा अब हुन्छ भन्नुहुन्छ तर अहिलेसम्म ग्यास पाउन सकेका छौं ।" वैकल्पिक उर्जा प्रवर्धन केन्द्र, नेपाल उर्जा विकास कम्पनी प्रालि र घोराही उपमहानगरपालिकाबिच २०७५ मङ्सिर ५ गते सम्झौता भएको थियो । सहमति अनुसार बायो ग्यास उत्पादनका लागि घोराही उपमहानगरपालिकाले जग्गासँगै फोहोर उपलव्ध गराउने, वैकल्पिक उर्जा प्रवर्धन केन्द्रले ४० प्रतिशत र नेपाल उर्जा विकास कम्पनीले ६० प्रतिशत लगानी गर्ने सहमती भएको थियो । सहमती अनुसार उपमहानगरपालिकाले तीन बिगाह बढी जग्गा उपलब्ध गराएपनि फोहोर उपलव्ध गराउन सकेको छैन । ग्यास प्लान्ट सञ्चालनका लागि आवश्यक पर्ने गोबरका लागि पशुपालन गर्ने प्लान्टले तयारी गरेपनि जग्गा उपलव्ध नभएको म्यानेजर श्रेष्ठ बताउँछन्।

बाँकी ३ पेजमा...

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# आमाको मौन कथा

अस्मिता वादी



प्रायः मलाई यस्तै लाग्छ कि मैले बोल्न जानिनँ या भनौं बोल्नै सकिनँ अनि कापी-कलमलाई आफ्ना भावना र भोगाइको साझा बिसौनी बनाएँ। तर, आजकल म हैरान छु, उनको जिन्दगी हेरेर। मलाई बेस्सरी अत्यास लाग्छ, उनको मौनता देखेर। हुन त अक्षर नजानेरै मौन बसेकी पक्कै होइनन् उनी। तर, कहिलेकाहीं लाग्छ, कति पट्यारिलो जिन्दगी बाँचिरहेकी छन्। यदि अक्षर फुटाउन जान्दी हुन् त जिन्दगी बाँच्ने होइन, जिन्दगी धान्ने कलामाथि लेख्ने सर्वोत्कृष्ट लेखक हुन्थिन् उनी। उसो त मेरी आमाको आवाज निक्कै मिठो छ। सानो छँदा आमासँगै मेलापात-घाँसदाउरा जाँदा सुनेको हुँ मैले, उनले गाएका गीतहरू। तर, मेरी आमा गायक बनिनन् वा यो राज्यले उनी गायक बन्ने वातावरणै तयार गर्न सकेन। उसो त लेख्न जानेरै लेखिहाले पनि यो समाजले उनलाई लेखक स्वीकार गर्थ्यो होला ? आज बिहान घडीले ४:१० बजाएपछि मोबाइलले अलार्म बजायो। अलार्मसँगै म बिउँझिएँ। कोठाभरि अँध्यारो पोखिएको छ। यस्तो चुक घोप्टिएजस्तो अँध्यारोमा मेरो सिरानको झ्यालनजिकै आगोको रातो झिल्को प्रत्येक श्वाससँगै चम्किरहेको देखें। त्यो चम्किने रातो वस्तु ठम्याउन समय लागेन। 'यति बिहानै अर्काको कोठामा आएर चुरोट सल्काएको ?' (मेरी आमाले चुरोट तानेको मलाई पटक्कै मनपर्दैन। तर, कहिलेकाहीं लाग्छ, यो प्रश्न पनि मेरो सानोतिनो विद्रोह नै हो।) आमाले सधैंझैं आज पनि जवाफ दिन जरुरी ठानिनन्। प्रतिप्रश्न थियो, 'चिया खाने ?' मैले तातोपानी मागें। मेरी आमा र बाबाको उठ्ने समय प्रायः उस्तै हुन्छ। बाबाले मलाई तातोपानी दिँदै भने, 'तेरी आमा आज रातभरि सुतेकी छैन। आज मात्र हो र ! अरूबेला पनि निदाएजस्तो लागेन।' आज बेस्सरी गाह्रो भएछ। मलाई थाहा छ, सजिलो त अरूबेला पनि छैन, तर आज त्यस्तो के भयो आमालाई ? 'ज्वरो आएको छ, मुटु दुख्यो भनेर हैरान पारी,' बाबाले भने। मैले सुनें, तर प्रतिक्रिया जनाइनँ। अहो ! आमालाई यति गाह्रो भएको मैले कसरी थाहा पाइनँ ? म भान्सा कोठातिर लागें। त्यो दिन आमा भान्सामा दाहिने हातले काम गर्दै थिइन्। उनी प्रायः देब्रे हातले काम गर्छिन्। सोचें, हात पनि बेस्सरी दुखेछ क्यारे ! दुखेकै हातले आमा सुसेधन्दामा लागिन् र बाबा आरनतिर। अनि म आफ्नै काममा। ज्यान कामतिर लागे पनि मन आमाको बिसन्चोतिरै गइरह्यो। प्रश्नका लस्कर आइरहे मस्तिष्कमा। मनमा चिसो पस्यो। आमाको मौनताले बेस्सरी पिरोल्छ मलाई। झन् आजको मौनताले मुटुभरि तीर हानिरह्यो। अक्सर आमाको महिमा-गाथा गाउने, बलिदान र त्यागको व्याख्या गरी महान् करार गर्ने सन्तान मैजस्ता त हुँदा हुन् नि ! आमालाई परिवारको स्तम्भ घोषित गरेर गर्वले छाती फुलाउँदै हिँड्नेहरूको अनुहार पनि मेरैजस्तो त हुन्छ होला। आमाको छातीमा गाँठो परेका बाध्यता फुकाउन चेष्टा नगर्ने, तर उनको गुनगान गर्दै हिँडेकोमा आज मलाई आत्मग्लानिले गहिरोसँग घेरेको छ। कवि राजु स्याङ्तानको कविता 'आमा तिमी मात' को असली अर्थ आज बुझें सायद। आमा मात्तिएर यो व्यवस्थाविरुद्ध धावा बोलेको हेर्ने रहर मलाई पनि जागेको छ आज। मैले पनि आमामाथि समर्पित कविताजस्ता केही अक्षर लेखेको छु। तर, कति अधुरा-अपूरा छन् ती कविता, मेरी आमाले बाँचेको जिन्दगीअघि। लाग्छ, मेरी आमाले बाँचेको जिन्दगी नै एक भव्यतम् कविता हो। कविताजस्तो जिन्दगीमा सायद शब्द र संवादको आवश्यकता धेरै परेन कि कुन्नि ! किन मेरी आमा अत्यन्तै कम बोल्छिन् ? सामान्य घर-व्यवहारको संवादबाहेक उनी बोलेको थाहा छैन मलाई। जसरी आमा घर-व्यवहार र आवश्यक संवाद मात्रै गर्छिन्, त्यसरी नै म पनि घरमा अड्कलेर मात्रै आफ्ना भावना व्यक्त गर्छु। घरमै भए पनि बाबालाई आँखाअघि प्रायः कम देख्छु। आमासँग उति फुर्सदै कहाँ, घण्टौं गफिएर बस्न र सुख-दुःख साट्न ! आमालाई यो समाजले बोल्ने अनुमति नै दिएन। साँझ-बिहान चुलो बाल्न हात चलाउनु जरुरी थियो उनलाई। त्यसैले आमालाई कम बोल्ने बानी पर्‍यो सायद। ८ कक्षाको जिल्लास्तरीय परीक्षा राम्रै अंक ल्याएर पास गरेपछि ९ मा भर्ना हुनुपर्ने थियो। भर्ना नगरीकनै ९ कक्षामै बस्न थालें, तर 'बिनाभर्ना विद्यालय नआउनू' को आदेश पाएपछि विद्यालयका मेरा दिनहरू रोकिन थाले। सुरुसुरुमा स्कुल नजाँदा शिक्षकहरूले सोधेको खबर ल्याउँथे साथीहरू। मैले आफ्नो दुःख कसलाई सुनाउनु ? मन बेस्सरी गाँठो पर्थ्यो। पढ्न खुब जाँगर चल्थ्यो। म राम्रो विद्यार्थीमै गनिन्थें। तर, अभाव कसलाई सुनाउनु ? रहर एकातिर, बाध्यता अर्कोतिर। मलाई पढ्ने सपनाले पोल्थ्यो, बाबा-आमालाई अभाव र मात्र अभावले। सानैदेखि बाबाले त्रिशूल र मूर्ति बनाएको हेरेर हुर्किएँ म। तिनै मूर्ति र त्रिशूल (भगवान् र देउता) बेचेपछि आमाले ताउलो पोलेको याद छ मलाई। त्यसैले पनि हो, मेरा बाले बनाएका यी देउताले मेरो भोकको भर्पाइ गर्न सक्दैनन् भन्नेमा म विश्वस्त थिएँ। सोचिबस्थें, बाबाले बनाएका देउताले मेरो अभाव बुझ्दैनन्, मेरा सुस्केरा सुन्दैनन्। अलिअलि मनमा बाँकी भएको ईश्वरको आस्था पनि जातजन्य विभेदको नालीबेली बुझ्न थालेपछि हराइसकेको थियो। ईश्वरसँग केवल बाँकी थियो गरिब, दलित बनाइदिएको गुनासो। त्यसैले जान्ने भएयता मैले भगवान् पुकारेको उति याद छैन। दिमागमा जोर लगाएर सम्झँदा मुस्किलले तीनचोटि भगवान् गुहारेको याद छ। सानोमा भाइ बिरामी भएको थाहा पाएर उसलाई केही नहोस् भनेर प्रार्थना गरेको थिएँ। अनि पहिलोचोटि लेखेको सडक नाटक मन्चन हुँदा 'सबै दर्शकलाई मनपरोस्' भनेर कामना गरेकी थिएँ। र, सायद अन्तिमपल्ट उनलाई पुकारा गरेकी थिएँ, जतिबेला म स्कुल जान नपाएर घरमै बसेकी थिएँ। तर, मेरै बाबाले बनाएको भगवान्ले मेरो गुहार सुनेनन् र मलाई फेरि कहिले सुनाउन मन लागेन। समय बगिरह्यो। साथीहरूले पहिलो त्रैमासिक परीक्षा दिएको खबर सुनें। मभन्दा पछि मात्रै नाम आउने साथी प्रथम भएको खबरले मनमा कताकति डाहा लाग्यो। मा आफ्नै 'भाग्य' सराप्दै बसें। मलाई हरहालतमा स्कुल जानु थियो। काठमाडौंको कुनै गैरसरकारी संस्थाले गरिब एवं विपन्न दलित समुदायका छोरीहरूलाई निःशुल्क शिक्षा दिने खबर मेरो कानमा टाढाबाट आइपुग्यो। त्यो संस्थाबारे खोजें। र, एक्लै काठमाडौं जाने निर्णय गरें। यसरी सपनाको पहिलो उडान एक्लै तय गरें। जिन्दगीको पहिलो गन्तव्यको साक्षी म आफैं हुँ र त्यसको भुक्तभोगी पनि आफैं। केवल म अनि मेरो पढ्ने सपना। आफैं तय गरें, जिन्दगीको पहिलो यात्रा। तर, थाहा थिएन काठमाडौं कता हो ? काठमाडौंसम्म पुग्छु या पुग्दिन, त्यो पनि थाहा थिएन। थियो त केवल पढ्ने सपना पछ्याउने आँट। त्यो थियो जिन्दगीको एउटा पाठ। 'काठमाडौं जाने' निधो आमालाई सुनाएँ। आमा प्रतिक्रियाविहीन भइन्। उनी मौन रहिन्, तर आँखाबाट बलिन्द्र आँसुका धारा छुटिरहे। सायद आमाको भन्नु त्यति थियो। यसै पनि मेरो जिद्दीको अगाडि आमाको आँसुको अर्थ थिएन। उनले पनि मलाई रोकिनन्। सायद उनका सपना पनि मसँगै जोडिएका थिए र छन्। त्यो दिन आमाले खाना खानुभएन। मलाई थाहा थियो, आमालाई खाना नरुचेको कारण। उसो त मलाई पनि आमा-बाबालाई छोड्न मन थिएन। भाइलाई आँखाबाट टाढा पुर्‍याउनै मन थिएन। घरभन्दा पछाडिको आरुको रुख मेरो हरेक सुख र दुःखको साथी थियो। उसलाई पनि त छाडेर जानु थियो। आमाका आँसुले बाध्यताअघि घुँडा टेके र म हिँडे सपना खोज्न। आज जिन्दगीका अरू बाह्र वर्षहरू बितिसके। यी बितेका वर्षमा आमालाई नजिकबाट नियाल्ने मौकै पाइनँ। आज पनि आमाका आँखा नियाल्ने हिम्मत जुटिसकेको छैन। कुन्नि के-के सपनाका चिहान हुन् उनका आँखा ? कति रहर दफन गरेकी होलिन् तिनै आँखाका गहिराइमा ? विशाल समुद्रलाई मेरी आमाको आँखासँग तुलना गर्न मिल्छ कि मिल्दैन म जान्दिनँ। तर, म यो जान्दछु- समुद्रको गहिराइ र मेरी आमाको आँखामा दबेको आभाव अनि रहरको रहस्यमा केही फरक छैन। उनको चाउरी पर्नै लागेको अनुहारलाई आज पनि नियाल्ने हिम्मत छैन। सायद आज पनि मैले उनलाई बुझ्न सकेको छैन। सायद सक्दिनँ पनि। हुन त यो व्यवस्थाले नै आमालाई महान् करार गरिरह्यो। आमाहरूलाई उन्मुक्त हाँसो हाँस्न सिकाएन। हामीले भर्खरै भव्यतासाथ सम्पन्न गरेको लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान सम्झिन्छु। यस्ता अभियानले मेरी आमाहरूलाई समेट्दैनन्। समेटुन् पनि कसरी ? सहरकेन्द्रित यस्ता बहस मेरी आमाको भागमा छैनन्। केन्द्रीकृत यस्ता अभियान पहुँच हुनेका लागि हो। राज्य बेखबर छ, मेरी आमाको आठ हजार वर्षदेखिको दासत्वसहितको शोषित र जातजन्य विभेदले प्रताडित जीवनको इतिहासबारे। यो मेरी आमाको मात्रै कथा होइन सायद, तपाईंकी आमाको पनि हो।

*-कान्तिपुर*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# औषधी खरिद गर्न तीन करोड

■ नमस्ते समचारदाता

सुर्खेत, पुष/१९




प्रदेश सरकारले औषधी खरिदका लागि तीन करोड बजेट विनियोजन गरेको छ। चालु आर्थिक वर्षमा औषधी खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको हो। प्रदेश सरकारले ४१ प्रकारका औषधी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत खरिद गर्दै आएको छ। बर्सेनि बजेट विनियोजन गरेर आफ्नो दायित्वमा पर्ने औषधी खरिद गर्ने गरिएको हो। आपूर्ति व्यवस्थापन केन्द्रले खोप तथा खोपजन्य सामग्री प्रदेशका १० वटै जिल्ला स्वास्थ्य सेवा कार्यालयलाई उपलब्ध गराउँदै आएको छ। गत वर्षको औषधी खपतको अवस्था र यो वर्षको मागका आधारमा औषधी खरिद गर्ने गरिएको केन्द्रले जनाएको छ। चालु आवमा औषधी खरिदका लागि प्रदेश सरकारले तीन करोड बजेट विनियोजन गरेको प्रदेश आपूर्ति केन्द्रका प्रमुख डा. शक्तिप्रसाद सुवेदीले बताउनुभयो। यो वर्ष औषधी खरिदका लागि बोलपत्र आह्वान गरिएको उहाँले जानकारी दिनुभयो। यस्तै यो वर्ष सङ्घीय सरकारले एक करोड ८० लाख ५० हजार बजेट आपूर्ति केन्द्रमा पठाएको छ। गत वर्षमा पनि सङ्घीय सरकारले सोही हाराहारीमा बजेट विनियोजन गरेको थियो। जिल्ला जिल्लाबाट माग भएको औषधीको विवरणका आधारमा खरिद प्रक्रिया सुरु गरिने केन्द्रले जनाएको छ। केन्द्रले टेन्डरमार्फत औषधी खरिद गर्ने गरेको छ। आपूर्ति व्यवस्थापन केन्द्रले जिल्ला स्वास्थ्य सेवा कार्यालयहरूमा खरिद गरिएको औषधी पठाउने गरेको छ। जिल्लास्थित ती कार्यालयले पालिका र पालिकाले सम्बन्धित स्वास्थ्य केन्द्रमा औषधी उपलब्ध गराउँदै आएका छन्। तीन तहका सरकारले ९८ प्रकारका औषधी निःशुल्क वितरण गर्दै आएका छन्। तीन तहका सरकारले छुट्टाछुट्टै रूपमा खरिद ऐनमा रहेर औषधी खरिद गर्ने गरेका छन्। सोही अनुरूप पालिका र प्रदेशलाई सङ्घीय सरकारले बजेट पठाउने गरेको छ। केही स्थानीय सरकारले आफूले समेत बजेट विनियोजन गरेर औषधी खरिद गर्ने गरेका छन्।

**भाडाको घरमा आपूर्ति केन्द्र**

भवन निर्माणमा ढिलाइ हुँदा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र भाडाको घरबाट सञ्चालन भइरहेको छ। मासिक ४० हजार रुपियाँ तिरेर भाडाको घरबाट आपूर्ति केन्द्र सञ्चालन भइरहेको हो। भवन नभएकै कारण आपूर्ति केन्द्रको औषधी नेपालगन्जमा भण्डारण गर्ने गरिएको प्रदेश औषधी आपूर्ति केन्द्रका प्रमुख डा. शक्तिप्रसाद सुवेदीले जानकारी दिनुभयो। भाडाको घर भएकाले आवश्यक उपकरण र औषधी भण्डारण गर्न समस्या हुने गरेको उहाँले बताउनुभयो। औषधी भण्डारका लागि ठाउँ नहुँदा जिल्लाबाट माग भएका र तत्काल जिल्लामा पठाउनुपर्ने औषधी मात्र केन्द्रमा ल्याउने गरिएको छ। नयाँ भवन बने औषधी भण्डारण गर्न सहज हुने उहाँको भनाइ छ। पटक पटक म्याद थपिएको भए पनि भवन निर्माण कार्यमा ढिलाइ भइरहेको छ। कर्णाली प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको भवन निर्माण कार्य पनि अधुरै छ। उक्त भवनको पटक पटक म्याद थप गरिएको सहरी विकास तथा भवन डिभिजन कार्यालय सुर्खेतले जनाएको छ। पछिल्लो पटक २०८० कात्तिक १ गतेदेखि २०८१ चैतसम्म म्याद थपिएको कार्यालयका इन्जिनियर पूर्ण शर्माले बताउनुभयो। यसअघि सम्झौता अनुसार २०७९ चैतमा निर्माण सम्पन्न हुनुपर्ने भवन अझै सकिएको छैन। हालसम्म भवन निर्माणको ६५ प्रतिशत मात्र भौतिक प्रगति भएको छ। जगदम्बा शिवालय सुपरस्टार निर्माण कम्पनीले २०७८ असोज २४ गते भवन निर्माणको जिम्मा पाएको थियो। सम्झौता अनुसारको अवधिमा काम नसकिएपछि पुनः म्याद थप गरेर काम भइरहेको जनाइएको छ।

# बजेट अभावमा सिद्धार्थ क्रिकेट मैदान अधुरै

■ नमस्ते समचारदाता

बुटवल, पुष/१९



रुपन्देहीको भैरहवामा सरकारीस्तर बाट निर्माण गरिरहेको सिद्धार्थ क्रिकेट मैदान स्तरोन्नती गरी अन्तर्राष्ट्रिय स्तरको बनाउन सुरु गरेको करिब डेढ दशक बितिसक्दा समेत अधुरै रहेको छ। बहुवर्षीय ठेक्का नहुँदा, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले पर्याप्त बजेट नछुट्याउँदा सिद्धार्थ क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने योजना वर्षौंदेखि अलपत्र बनेको हो। डेढ दशकमा करिब १६ प्रतिशत मात्रै काम भएको छ। न्यून बजेट आउँदा डीपीआर अनुसार अन्तर्राष्ट्रिय स्तरको मैदान यति नै समयमा बन्छ भन्ने यकिन छैन। क्रिकेट मैदान बनाउन अहिलेसम्म करिब १२ करोड रुपियाँ खर्च भइसकेको छ। ०६८ मा भैरहवा र मूलपानीमा अन्तर्राष्ट्रिय स्तरको मैदान बनाउन सुरु गरिएको थियो। तर मूलपानी मैदानले गति लिँदा भैरहवाको मैदान स्तरोन्नतीको काम भने कछुवा गतिमा छ। मैदानमा सात हजार दर्शक अट्ने गरी प्याराफिट बनाउने र अन्तर्राष्ट्रिय क्रिकेट खेलाउने उद्देश्यसहित राखेपले डीपीआर बनाएको छ। डीपीआर अनुसार त्यो बेला मैदान बनाउन कम्तिमा ३८ करोड रुपियाँ लाग्ने जनाइएको थियो। तर पछिल्ला वर्षहरुमा बजेट नै विनियोजन हुन छाडेको छ। जसले गर्दा पुरानै डीपीआर अनुसार काम गर्दा पनि अहिलेको अवस्थामा कम्तिमा ७० करोडभन्दा बढी लागत लाग्ने रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा बताउनुभयो। अहिलेको जस्तै सुस्त गतिमा काम हुने हो भने अझै २५ वर्ष मैदान अन्तर्राष्ट्रिय स्तर रङ्गशाला निर्माण नहुने खेल क्षेत्रका अगुवा बताउँछन्। यहाँ अहिलेसम्म तीन करोड लागतमा हल, खेलाडी बक्स र शौचालयसहितको तीन तल्ले भीआइपी प्याराफिट निर्माण गरिएको छ। यहाँ सुरुमा एक करोड १९ लाख रकम खर्च गरेर क्रिकेट संघको कार्यालयसहित एक तल्लाको प्याभेलियन भवन निर्माण गरिएको थियो। त्यसपछि मैदान सम्माउन तीन वर्ष लगाइयो। यहाँ अहिलेसम्म प्याभेलियन भवनसहित ८९ लाखमा मैदान सम्याउने काम, ४० लाखमा तारजाली, ९० लाखमा ढल व्यवस्थापन, एक करोडमा पिच, प्याभेलियन अगाडि टायल बिच्छ्याउने, गार्ड रुम, स्टोर रुम बनाइएको छ। तर सरकारले बहुवर्षीय योजनामा राखेर रङ्गशालालाई अन्तर्राष्ट्रिय स्तरको बनाउने भने पनि बजेट छुट्याउनै छाडेको छ। समय समयमा ताँती लागेर मैदान अवलोकन गर्न आउने विभागीय मन्त्री, प्रदेशका मुख्यमन्त्री, मन्त्री र खेलकुद परिषद्का पदाधिकारीले भने पर्याप्त बजेट छुट्याउँछौं भनेर आश्वासन दिन्छन्। तर बजेट नछुट्याउँदा रङ्गशाला निर्माण कछुवा गतिमा भइरहेको छ।

## साढे...

३३ हजार ७ सय ६६ हेक्टर सिँचाइ गर्ने लक्ष्य राखिएको पश्चिमी मूल नहरबाट हाल १७ हजार हेक्टरमा सिँचाइ पुगेको र ९ हजार हेक्टर सिँचाइ गर्ने लक्ष्य राखिएको पूर्वी मूल नहरबाट ४ हजार हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गराइएको छ। त्यसैगरी मूल नहरभन्दा माथिल्लो भागमा रहेका जग्गामा सिँचाइ उपलब्ध गराउन राप्तीसोनारीका कचनापुर, बालापुर र ढकेरी क्षेत्रमा चारवटा लिफ्ट सिँचाइ योजना सम्पन्न हुने चरणमा छन्। राष्ट्रिय गौरवको आयोजना भए तापनि स्रोत सहमतिमा सहजता नहुनु, बजेट विनियोजनमा प्राथमिकता नहुनु, मानव स्रोत र नेतृत्वको स्थायित्व नहुनु, प्रचलित ऐन कानूनमा सरलता नहुनु, जग्गा प्राप्ति प्रक्रिया र वातावरण अध्ययन सर्वेक्षण कार्य छिटोछरितो नहुनु पनि आयोजना कार्यान्वयनमा समस्या हुने गरेको सिक्टा सिँचाइका पदाधिकारीको भनाइ छ।

## बायो...

पशुपालनका लागि करौतीडाँडामै जग्गा उपमहानगरपालिकासँग जग्गा माग गरिएको भएपनि नपाएको उनले बताए। उद्योगका लागि आवश्यक पर्ने फोहोर पशुपालन गरेर जुटाउने तयारीमा रहेको भन्दै प्लान्ट म्यानेजर श्रेष्ठले भने, "पशुपालन गरेर गोबर सङ्कलन गर्ने ग्यास प्लान्ट सञ्चालन गर्ने अबको योजना बनाएका छौँ तर काम हुन सकेको छैन।"

# 'उत्तरदायी र व्यवसायिक पत्रकारिता आवश्यक'

■ नमस्ते समचारदाता

दाङ, पुष/१९




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सञ्चार क्षेत्रको सबलीकरणका लागि प्रदेश सरकारले प्राथमिकतामा राखेर सञ्चार ऐनलाइ संशोधन गर्ने प्रक्रिया अघि बढाएको बताउनुभएको छ। प्रेस चौतारी नेपाल दाङबाट प्रतिनिधित्व गर्दै नेपाल पत्रकार महासङ्घमा नवनिर्वाचित पदाधिकारी, सदस्य, केन्द्रीय परिषद् सदस्य एवम् प्रदेश परिषद् सदस्यलाई बधाई ज्ञापन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले सञ्चार माध्यमलाई बलियो बनाउन र संरक्षणगर्न सञ्चार ऐनलाई संशोधन गरेर सुधार गरिने बताउनुभएको हो। "सञ्चार ऐनलाई संशोधन गरेर भए पनि मिडिया क्षेत्रमा देखिएका समस्या समाधान गर्ने सरकारको योजना छ। यो काम अघि बढेको छ, " उहाँले भन्नुभयो, "प्रदेश सभाको हिउँदे अधिवेशनबाट ऐनलाई संशोधन गरेर मिडिया क्षेत्रको कामलाई प्रभावकारी बनाउने योजना छ।" उत्तरदायी र व्यावसायिक पत्रकारितालाई जोड दिँदै मुख्यमन्त्री आचार्यले पछिल्लो समय देखिएका विकृती, विसङ्गति अन्त्यका लागि स्वयं पत्रकारिता क्षेत्र सजग र चनाखो हुनुपर्ने धारणा राख्नुभयो। "मर्यादित र व्यावसायिक पत्रकारित आजको आवश्यकता हो। तर, केही विकृति, विसङ्गति भित्रिएका छन्। त्यसलाई निर्मूल पार्न जरुरी छ," उहाँले भन्नुभयो, "प्रदेश सरकार पत्रकारहरुको हकहित सुनिश्चित गर्न दृढ र प्रतिबद्ध छ।" आमसञ्चार माध्यमको विकासको लागि प्रदेश सरकारले साझा नीति अवलम्बन गरेको, सबै क्षेत्रको सन्तुलित विकासलाई प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो। "सबै मिडियाको सुरक्षाको लागि सरकारले ध्यान दिएको छ। विज्ञापनहरुलाई एकीकृत रुपमा वितरण गर्नेगरी नीतिगत सुधार गर्ने योजनामा छौं," उहाँले भन्नुभयो, "प्रदेशभित्रका सबै सञ्चार माध्यम र पत्रकारहरुलाई साझा रुपमा सम्बोधन गर्ने प्रदेशको नीति छ।" हरेक क्षेत्रमा श्रेष्ठता हासिल गर्नेगरी क्रियाशील हुन आह्वान गर्नुभयो। प्रेस चौतारी दाङका अध्यक्ष प्रेमबहादुर राम्जाको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रेस काउन्सिल नेपालका केन्द्रीय सदस्य शरद अधिकारी, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव सबिन प्रियासन, नेपाल पत्रकार महासङ्घ दाङका अध्यक्ष सन्तोष सुवेदी, नेकपा एमाले दाङ प्रचार विभाग प्रमुख सङ्गीत बस्याल लगायतले उत्तरदायित्व सहितको स्वतन्त्र पत्रकारितालाई प्राथमिकतामा राखेर प्रदेश सरकारले नीतिगत सुधार गरेर जान आवश्यक रहेकोमा जोड दिनुभएको थियो। कार्यक्रमको सहजीकरण चौतारी दाङका सचिव किरण गौतमले गर्नुभएको थियो।



# कर्णाली प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत

नमस्ते समचारदाता

सुर्खेत, पुष/१९

कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले कर्णालीको दोस्रो आवधिक योजना स्वीकृत गर्ने निर्णय भएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री एवम् सरकारका प्रवक्ता विनोदकुमार शाहले जानकारी दिनुभयो । यस्तै, कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको पाँचौ अधिवेशन आगामी ७ माघमा आह्वान भएको मन्त्री शाहले जानकारी दिनुभयो । कर्णाली प्रदेशसभाको चौँथो अधिवेशन अन्त्य भई बैठक सञ्चालन नभएको अवस्थामा सभाको अधिवेशन सुचारू भएर समितिले पूर्णता पाए पश्चात् दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई यथाशीघ्र समितिमा छलफल गरी अगाडी बढाउने निर्णय भएको छ । उक्त निर्णय भएसँगै दलित अधिकारका लागि एकीकृत आन्दोलन नेपालले विगत १८ दिनदेखि गर्दै आएको आन्दोलनसमेत शुक्रबारदेखि स्थगित भएको छ। यस्तै, स्थानीय सेवा (गठन तथा सञ्चालन)



नियमावली, २०८१ स्वीकृत गर्ने मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ। कर्णाली प्रदेश सरकार र लुम्बिनी प्रदेश सरकार बिच भएको साझा प्रतिबद्धता अनुमोदन, विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ तथा बाल सुधार गृह स्थापना तथा सञ्चालन गर्ने निर्णय मन्त्रिपरिषद् गरेको छ । यस्तै, कर्णाली प्रदेश आमसञ्चार व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमाको लागि तयार गरिएको सैद्धान्तिक अवधारणापत्र स्वीकृति गर्ने निर्णयसमेत भएको छ । कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०८१, कर्णाली प्रदेश सरकारको दोस्रो आवधिक योजनासमेत स्वीकृत भएको छ। कर्णाली प्रदेश सरकार आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रशासन तथा विधेयक समितिबाट प्राप्त परिमार्जनसहितको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ। अर्ध जलासययूक्त एक सय २० मेगावाटको जगदुल्ला जलविद्युत आयोजनामा ४१ करोड ४९ लाख ३० हजार तीन सय ६० प्रदेश सरकारले शेयर लगानी गर्ने निर्णय भएको छ । कर्णाली प्रदेश जीवनाशक विषादी विधेयकको मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने सम्बन्धमा । कर्णाली प्रदेश जलचर संरक्षण विधेयक मस्यौदा तर्जुमाको लागि सैद्धान्तिक, एकिकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि २०८१, मुख्यमन्त्री डिजिटल शिक्षा र नमुना विद्यालय कार्यक्रम कार्यविधि २०८१ स्वीकृत भएको छ । कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक तर्जुमा गर्नको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णयसमेत प्रदेश सरकारले गरेको छ। वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन कार्यविधि २०८१, विद्यालय पूर्वाधार विस्तार सुधार कार्यक्रम कार्यविधि २०८१ र महिला उद्यमी पुरस्कार वितरण कार्यविधि २०८१ समेत स्वीकृत गर्ने निर्णय प्रदेश सरकारले गरेको छ।

# विपन्न समुदायका छात्रालाई वडा कार्यालयबाट साइकल सहयोग

नमस्ते समचारदाता

कैलाली, पुष/१९

सपना विककी आमा सेतु विक छोरीले वडा कार्यालयबाट साइकल पाएपछि मक्ख हुनुहुन्छ । अर्थाभावले छोरीलाई साइकल किन्न अक्षम सेतुको समस्या वडा कार्यालयले टारिदिएपछि आमाछोरी दङ्गादङ्गीमा हुनुहुन्छ । कक्षा ९ मा त्रिभुवन माध्यमिक विद्यालय वसन्तामा अध्ययनरत सपनाको रहर पूरा भएको छ । "अरु साथीहरु साइकल चढेर विद्यालय गएको देख्थे, मेरो पनि भइदिए हुन्थ्योजस्तो लाग्थ्यो", सपना भन्नुहुन्छ, "अब साथीहरुसँगै म पनि लैजान्छु ।" टीकापुर नगरपालिका-४ ले वडामा रहेका १८ जना छात्रालाई साइकल किनिदिएपछि अन्य छात्रा पनि यस्तै सोचिरहेका छन् । साइकल पाएपछि छात्रा मात्र होइन उनीहरुका अभिभावक पनि खुसी भएका छन् । रुपा चौधरीकी आमा शिला चौधरी पनि छोरीले साइकल पाएपछि खुसी हुनुभएको छ । "छोरी आधा घण्टा बढी समय हिँडेर विद्यालय जान्थिन", शिलाले भन्नुभयो, "पढाइमा राम्रो नतिजा ल्याउने छोरीको आवश्यकता साइकल भए पनि किनिदिन सकेका थिएनौं ।" हीराकुमारी डगौरा थारुकी छोरी आयुषा चौधरी सरस्वती मावि वनगाउँमा अध्ययन गर्नुहुन्छ । घरबाट विद्यालय पुग्न आधा घण्टा बढी समय लाग्ने भए पनि आयुषा नियमित विद्यालय




उपस्थित हुनुहुन्थ्यो । "मलाई कहिलेकाहीँ ढिला हुन्थ्यो, ढिलो भएको दिन आमा आज नजा भन्नुहुन्छ, तर म मान्दिनथेँ", आयुषाले भन्नुभयो, "अब साइकलमा २० मिनेटमै पुग्छु, समय पनि बचत हुन्छ । आमालाई पनि घरको काममा सघाउन भ्याउँछु ।" कक्षा ११ मा अध्ययनरत सन्ध्या चौधरीलाई पनि क्याम्पस जान समस्या हुन्थ्यो । "बिहान ६ बजे कलेजका लागि हिँड्नुपर्ने भएकाले समस्या थियो", उहाँले भन्नुभयो, "अब सजिलो भएको छ । आजदेखि कलेज साइकलमा जान्छु ।" टीकापुर नगरपालिका-४ ले कक्षा ९ देखि १२ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न तथा जेहेन्दार छात्रालाई साइकल वितरण गरेको हो । वडाले साइकल नभएर टाढा विद्यालय हिँडेर जान बाध्य छोरीहरुको शैक्षिक विकासका सहयोग होस् भनी साइकल वितरण गरेको जनाएको छ। वडाध्यक्ष लालविर चौधरीले समाज निर्माणमा ठूलो भूमिका महिलाको हुने भएकाले महिला शिक्षित हुनुपर्छ भनेर छोरीलाई अघि बढाउन र स्थानीय सरकार भएको आभाष गराउन साइकल दिएको बताउनुभयो । "यति धेरै समस्या र गरिबी भएर पनि छोरीहरु पढाइमा अब्बल छन्", उहाँले भन्नुभयो, "यस्ता छोरीहरुको सहयोगी सरकार बन्नुपर्छ भनी यो सहयोग गरेका हौं ।" वडाले रु एक लाख ६० हजार बजेटमा १८ साइकल वितरण गर्यो। साइकलका लागि ६० बालिकाको निवेदन परेको थियो। जसमा विपन्न र जेहेन्दारलाई प्राथमिकता दिइएको बताइएको छ । कार्यपालिका सदस्य रुपमति डगौराले छात्राहरुको विद्यालयमा पहुँच वृद्धि गर्न साइकलले मद्दत पुग्ने बताउनुभयो । "लगनशील भएर पढ्नुहोला", उहाँले भन्नुभयो, "राम्रो पढ्नलाई आर्थिक समस्याले पछि पार्दैन, नगरपालिकाले विपन्न, पढाइमा लगनशील विद्यार्थीलाई छात्रवृत्ति दिने गरेको छ।"

# तातोपानीमा स्थानीयको भिड, आन्तरिक पर्यटकले पाउँदैनन् पालो

नमस्ते समचारदाता

जुम्ला, पुष/१९

जुम्लाको तातोपानीमा स्नान गर्न छिमेकी जिल्लासँगै देशभरका नागरिक पुग्ने गरेका छन् । छ वटा धारामा बाह्रै महिना तातोपानी आउने र त्यहाँ स्नान गरेमा बाथ रोकलगायत शारीरिक समस्या समाधान हुने जनविश्वासले यहाँ स्नान गर्नेको भिड लाग्ने गर्छ । सुन्दर रारातालमा पुग्ने पर्यटक प्रायः जुम्लाको तातोपानी पनि पुग्ने गरेका छन् । रारातालको अवलोकनपछि जुम्ला बजार हुँदै तातोपानीमा स्नान गर्ने गरिन्छ। राराताल हुँदै तातोपानी पुग्नुभएका बुटवलका विक्रम राईले तातोपानीमा स्थानीयहरुको भिड भएकाले आफुले स्नान गर्न नपाएको गुनासो गर्नुभयो । उहाँले पूरै गाउँका महिलादेखि बालबालिकाहरुले धारा कब्जा गरेकाले बाहिरबाट यहाँ पुग्नेले तातोपानीमा स्नान गर्ने अवसर कमै मिल्ने गरेको सुनाउनुभयो । त्यहाँ केही कर्मचारी हुनुहुन्छ, उहाँहरुले भने पनि महिलाले धारा नछोड्ने भएकाले बाहिरबाट तातोपानीमा पुग्ने पर्यटकलाई समस्या हुँदै आएको उहाँको भनाइ छ । महिला र पुरुष




भनेर धाराको भित्तामा लेखिएको छ तर स्थानीय महिला र बालबालिकाले सबैतिरका धारा भरिभराउ हुने हुँदा समस्या भएको हो । तातोपानीको धारा भएको स्थान तातोपानी गाउँपालिकाको वडा नं २ को जर्मिगाउँको पुच्छारतिर तिलानदीको भित्तामा छ । यहाँ प्रायः भदौ असोजमा मात्र बाहिरका पर्यटकलाई सहज हुने गरेको छ। यो सिजनमा गाउँका महिला खेतबारीमा हुने भएकाले धारा खाली हुने गर्छ । मङ्सिरदेखि फागुनसम्म भने यहाँ बाहिरबाट आउने पर्यटकले पालो पाउनै मुस्किल हुने गरेको छ । स्थानीयले सबै काम सकेको र घरमै बस्ने भएकाले यो समयमा स्थानीयको बढी सहभागिता धारामा हुने गरेको गाउँपालिकाको भनाइ छ । तातोपानी गाउँपालिका वडा नं २ का वडा अध्यक्ष चन्द्रमान बुढाले सबै दिन होइन कुनै दिन गाउँका महिला सरसफाइका लागि धारामा जाने गरेको बताउनुभयो । उहाँले कुनै दिन काम सकेर सबै सरसफाइका लागि धारामा जाने र उसै दिन यहाँ आउने आन्तरिक पर्यटकलाई सास्ती हुन पुगेको होला, यसलाई व्यवस्थित गर्न कर्मचारीलाई आवश्यक सल्लाह दिने बताउनुभयो । प्रायः स्थानीयको भिड हुने हुँदा तातोपानीमा धित मरुन्जेल स्नान गर्न नपाएको बाहिरबाट आउने नागरिकको भनाइ छ।

# हटाउन थालियो सडक अतिक्रमण

नमस्ते समचारदाता

जुम्ला, पुष/१९

कर्णाली राजमार्ग अन्तर्गत जुम्लाको तिला गाउँपालिकास्थित कुडारी, त्रिवेणी बजारमा सडक अतिक्रमण हटाउन थालिएको छ। त्यहाँ सडक अतिक्रमण हटाउन लामो समयदेखि स्थानीयले हस्ताक्षर गरेर पहल थालेका छन् । अतिक्रमण गरी बनाइएका घरटहरा तथा निर्माण सामग्री हटाउन र दुर्घटनाको जोखिम न्यूनीकरण गर्न तिला गाउँपालिका र सडक डिभिजन जुम्लाले चासो लिए पनि ढिलाइ भइरहेको छ । रारासेरी बजारमा भने केही टहरा हटाइएका छन् । सडक अतिक्रमणका विषयमा विभिन्न समयमा तिला गाउँपालिका र वडा कार्यालयबाट जारी गरिएका सूचना केवल सूचना टाँसमै सीमित रहेको स्थानीयवासी बताउँछन् । स्थानीय भरतराज गिरीका अनुसार यसभन्दा अघिल्लो सरकार



हुँदा पनि सडक अतिक्रमण हटाउन सूचना जारी भएको र उक्त सूचनालाई कार्यान्वयन गर्न स्थानीय सरकार र सडक डिभिजन जुम्लाले पनि गर्न सकेका थिएनन् । तिला गाउँपालिका-३ निवासी ज्वारीलाल भट्टराईले आफ्नो निर्णय कार्यान्वयन गर्न पटक पटक बजारवासीले नगरपालिका र सडक डिभिजन जुम्लालाई आग्रह गर्दा पनि ती कार्यालयले एकले अर्कालाई दोषारोपण गर्दै पन्छने गरेको बताउनुहुन्छ। समयमै अव्यवस्थित घरटहरा नहटाइँदा र तिला-३ कै खाडेखोलामा पुल निर्माण हुन नसक्दा बेला बेलामा दुर्घटना हुने गरेको छ । गाउँपालिकाका अध्यक्ष मोतीलाल रोकायाका अनुसार अतिक्रमण हटाउने विषय प्राथमिकताका साथ राखेको बताउनुभयो । सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख दीपेन्द्रकुमार चौधरीका अनुसार सो क्षेत्रमा सडक अतिक्रमण हटाउन स्थानीय तहलाई पत्राचार भइसकेको छ । उहाँले सडकका टहरा हटाउन पटक पटक नागरिकले नै माग गर्दै आएको बताउँदै अब कार्यालयले हटाउने जानकारी दिनुभयो ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
महावै गाउँपालिका
कालिकोट

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके